विधेयक संख्याः

# आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु (बिक्री वितरण नियन्त्रण) ऐन, २०४९ लाई संशोधन गर्न बनेको विधेयक

सङ्घीय संसद् सचिवालय

संसद भवन, सिंहदरबार,

२०८३

## उद्देश्य र कारण

स्तनपानको संरक्षण र सम्वर्धन तथा आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु लगायत बाल आहारको बिक्री वितरणलाई नियमित गरी नवजात शिशु तथा बालबालिकाको लागि सुरक्षित एवं पर्याप्त पोषणको व्यवस्था गर्नको लागि आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु (बिक्री वितरण नियन्त्रण) ऐन, २०४९ कार्यान्वयनमा रहेको छ। विद्यमान कानूनमा रहेका व्यवस्थाहरूलाई वर्तमान संघीय संरचना र आवश्यकता अनुसार संशोधन गर्न आवश्यक रहेको छ। यसरी विद्यमान कानूनको प्रभावकारी कार्यान्वयनको लागि स्वास्थ्यकर्मी, बच्चाको उमेर तथा पुरक पदार्थको परिभाषा थप तथा संशोधन गर्नुपर्ने, मन्त्रालयको नाम साथै समितिका पदाधिकारीहरूको प्रतिनिधित्व नेपाल सरकार कार्यविभाजन नियमावली, २०८३ अनुसार परिवर्तन गर्नुपर्ने, संघीय संरचना अनुसार प्रदेश तथा स्थानीयतह सम्बन्धी व्यवस्था थप गर्नुपर्ने, आमाको दुधलाई प्रतिस्थापन गर्ने वस्तु तथा बालसूत्रको प्रयोग साथै आमाको दुध सङ्कलन तथा व्यवस्थापन सम्बन्धी विषय थप गर्नुको साथै कसूर तथा सजाय समेतका व्यवस्थाहरू संशोधन तथा थप गर्नुपर्ने भएको हुनाले आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु (बिक्री वितरण नियन्त्रण) ऐन, २०४९ लाई संशोधन गर्न बनेको विधेयक पेस गरिएको छ। प्रस्तुत विधेयक आर्थिक वर्ष २०८३/०८४ को संघीय संसदमा पेश गरिने विधेयकको पहिलो प्राथमिकता सूचीमा समेत समावेश रहेको हुनाले प्रस्तुत विधेयक जारी भै कार्यान्वयन हुन आवश्यक छ।

निशा मेहता

मन्त्री

२०८३ असोज २ स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय

## आर्थिक टिप्पणी

आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु (बिक्री वितरण नियन्त्रण) ऐन, २०४९ लाई संशोधन गर्न बनेको विधेयकका संशोधनका लागि प्रस्ताव गरिएका विषयहरू विद्यमान अवस्थामा कार्यान्वयनमै रहेको संरचनाद्धारा कार्यान्वयन गरिने हुनाले नेपाल सरकारलाई थप आर्थिक दायित्व पर्ने देखिंदैन ।

(निशा मेहता)
मन्त्री
स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय।

**आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु (बिक्री वितरण नियन्त्रण) ऐन, २०४९ लाई संशोधन गर्न बनेको विधेयकको प्रत्यायोजित टिप्पणी**

| क्र.स. | विधेयकको दफा | प्रत्यायोजित व्यवस्थापनको कारण | प्रत्यायोजित व्यवस्थापन अन्तर्गत बनाइने कानूनको प्रकृति र सिमा | प्रत्यायोजित व्यवस्थापनबाट पर्न सक्ने प्रभाव |
|---|---|---|---|---|
| १. | दफा ६ बाट थप भएको मूल ऐनको दफा ८ख. | आमाको दूध संकलन तथा व्यवस्थापन केन्द्र सञ्चालनको मापदण्ड तयार गर्नुपर्ने। | आमाको दूध संकलन तथा व्यवस्थापन गर्ने केन्द्र स्थापना तथा सञ्चालन सम्बन्धी मापदण्ड तयार गरिने। | दूध संकलन केन्द्रको मापदण्ड तयार भई सञ्चालन हुने। |
| २. | दफा १० को उपदफा (१), (१क) बाट थप भएको मूल ऐनको दफा १३. | निरीक्षकको योग्यता निर्धारण गर्नुपर्ने भएको हुनाले। | नियमावलीमा मन्त्रालयबाट नियुक्त गरिने निरीक्षकको योग्यता निर्धारण हुने। | योग्य एवं दक्ष निरीक्षक नियुक्त हुने। |

## आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु (बिक्री वितरण नियन्त्रण) ऐन, २०४९ लाई संशोधन गर्न बनेको विधेयक

**प्रस्तावना :** आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु (बिक्री वितरण नियन्त्रण) ऐन, २०४९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

सङ्घीय संसदले यो ऐन बनाएको छ।

१. **सङ्क्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम "आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु (बिक्री वितरण नियन्त्रण) (पहिलो संशोधन) ऐन, २०८३" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु (बिक्री वितरण नियन्त्रण) ऐन, २०४९ को दफा २ मा संशोधन** : आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु (बिक्री वितरण नियन्त्रण) ऐन, २०४९ (यसपछि "मूल ऐन" भनिएको) दफा २ को,-

(१) खण्ड (ङ) पछि देहायको (ङ१) राखिएको छ :-

"(ङ१) "स्वास्थ्यकर्मी" भन्नाले प्रचलित कानूनबमोजिम स्वास्थ्यकर्मीको रूपमा सम्बन्धित परिषद्मा दर्ता भएको व्यक्ति सम्झनुपर्छ।"

(२) खण्ड (झ) को सट्टा देहायको खण्ड (झ) राखिएको छ :-

"(झ) "बच्चा" भन्नाले तीन वर्षसम्मका उमेर समूहका बच्चा सम्झनुपर्छ।"

(३) खण्ड (ञ) मा रहेका "चारदेखि छ महिनासम्मको उमेरका" भन्ने शब्दहरूको सट्टा "तीन वर्षसम्मको उमेरका" भन्ने शब्दहरू राखिएका छन्।

(४) खण्ड (ण) को सट्टा देहायको खण्ड (ण) राखिएको छ :-

"(ण) "पूरक खाद्य पदार्थ" भन्नाले छ महिनाभन्दा माथि उमेरका बच्चाको पोषण आवश्यकता पूरा गर्न आमाको दूध वा आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तुको पूरकको रूपमा प्रयोग गरिने उपयुक्त खाद्य पदार्थ सम्झनुपर्छ।"

(५) खण्ड (त) को सट्टा देहायको खण्ड (त) राखिएको छ :-

"(त) "मन्त्रालय" भन्नाले नेपाल सरकारको स्वास्थ्य सम्बन्धी बिषय हेर्ने मन्त्रालय सम्झनुपर्छ।"

३. **मूल ऐनको दफा ४ मा संशोधन :** (१) मूल ऐनको दफा ४ को,-

(१) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छ :-

"(२) उपदफा (१) बमोजिमको समितिमा देहायका सदस्य रहनेछन् :-

| | | |
|---|---|---|
| (क) | सचिव, मन्त्रालय | - अध्यक्ष |
| (ख) | महानिर्देशक, स्वास्थ्य सेवा विभाग | - सदस्य |
| (ग) | सहसचिव, महिला तथा बालबालिका सम्बन्धी विषय हेर्ने मन्त्रालय | - सदस्य |
| (घ) | महानिर्देशक, वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग | - सदस्य |
| (ङ) | महानिर्देशक, खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग | - सदस्य |
| (च) | बालरोग विशेषज्ञमध्येबाट मन्त्रालयले मनोनयन गरेको एकजना | - सदस्य |
| (छ) | पोषण विज्ञमध्येबाट मन्त्रालयले मनोनयन गरेको एकजना | - सदस्य |
| (ज) | उपसचिव (कानून), मन्त्रालय | - सदस्य |
| (झ) | निर्देशक, परिवार कल्याण महाशाखा, स्वास्थ्य सेवा विभाग | - सदस्य-सचिव" |

(२) उपदफा (३), (४) र (५) को सट्टा देहायका उपदफा (३), (४) र (५) राखिएका छन् :-

"(३) मनोनीत सदस्यहरूको पदावधि दुई वर्षको हुनेछ र निजहरूको पुनः एकपटक मनोनयन हुन सक्नेछ।

(४) उपदफा (२) को खण्ड (च) र (छ) बमोजिम सदस्यको मनोनयन गर्दा आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु उत्पादन वा बिक्री वितरण गर्ने कार्यमा संलग्न व्यक्तिलाई मनोनयन गरिनेछैन।

(५) समितिको बैठकमा आवश्यकताअनुसार नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तहका प्रतिनिधि वा विज्ञ तथा उपभोक्ता हित संरक्षणको क्षेत्रमा आवद्ध व्यक्तिलाई आमन्त्रण गर्न सकिनेछ।"

४. **मूल ऐनको दफा ६ मा संशोधन** : मूल ऐनको दफा ६ को,-

(१) खण्ड (ग) को सट्टा देहायका खण्ड (ग) राखिएको छ :-

"(ग) प्रदेश र स्थानीय स्तनपान संरक्षण तथा सम्बर्धन समितिसँग आवश्यक समन्वय गर्ने,"

(२) खण्ड (घ) झिकिएको छ।

५. **मूल ऐनमा दफा ६क. थप** : (१) मूल ऐनको दफा ६ पछि देहायको दफा ६क. थपिएको छ :-

"६क. **प्रदेश र स्थानीय स्तनपान संरक्षण तथा सम्बर्धन समिति** : (१) स्तनपान संरक्षण तथा सम्बर्धन गर्ने सम्बन्धमा प्रदेशमा प्रदेश स्तनपान संरक्षण तथा सम्बर्धन समिति र स्थानीय तहमा स्थानीय स्तनपान संरक्षण तथा सम्बर्धन समिति रहनेछन्।

(२) उपदफा (१) बमोजिमका समितिको गठन, काम, कर्तव्य र अधिकार सम्बन्धित प्रदेश तथा स्थानीय तहले निर्धारण गरेबमोजिम हुनेछ।"

६. **मूल ऐनमा दफा ८क. र ८ख. थप** : मूल ऐनको दफा ८ पछि देहायका दफा ८क. र ८ख. थपिएका छन् :-

"८क. **आमाको दुधलाई प्रतिस्थापन गर्ने वस्तु वा बालसूत्रको प्रयोग** : (१) स्वास्थ्यकर्मीले आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु वा बालसूत्र बच्चालाई खुवाउन वा प्रयोग गर्न सिफारिस गर्नु हुँदैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि स्वास्थ्यकर्मीले देहायको अवस्था भई वैकल्पिक स्तनपान सम्भव नभएमा आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु वा बालसूत्रको प्रयोग गर्न सिफारिस गर्न सक्नेछन् :-

(क) स्तनपान गराउँदा बच्चामा सङ्क्रमणको जोखिम रहने अवस्था भएमा,

(ख) आमा गम्भीर रूपमा बिरामी भई होसमा नरहेको वा स्तनपान गराउन असमर्थ रहेको भएमा,

(ग) आमाको दूध नआएमा वा दूधको मात्रा कम भई बच्चामा पोषण पूरा नहुने अवस्थामा,

(घ) आमाले स्तनपान प्रतिकूल हुने कुनै औषधि सेवन गरिरहेकोमा,

(ङ) बच्चामा कुनै गम्भीर स्वास्थ्य समस्या भई स्तनपान गर्न नसक्ने भएमा, वा

(च) आमा र बच्चा लामो समयसम्म अलग रहनुपर्ने भएमा।

८ख. **सेवा सञ्चालन गर्नसक्ने** : (१) नेपाल सरकारले आमाको दूधको सङ्कलन तथा व्यवस्थापन गर्न स्तनपान व्यवस्थापन केन्द्र वा त्यस्तै प्रकृतिका सेवा सञ्चालन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमका सेवा सञ्चालन गर्न मन्त्रालयले आवश्यक मापदण्ड बनाउन सक्नेछ।

(३) उपदफा (२) बमोजिमको मापदण्डको अधीनमा रही प्रदेश सरकार, स्थानीय तह तथा अन्य स्वास्थ्य हेरचाह गर्ने निकायले स्तनपान व्यवस्थापन केन्द्र वा त्यस्तै प्रकृतिका सेवा सञ्चालन गर्न सक्नेछन्।"

७. **<u>मूल ऐनको दफा ९ मा संशोधन</u>** : मूल ऐनको दफा ९ को,-

(१) उपदफा (३) झिकिएको छ।

(२) उपदफा (७) को सट्टा देहायको उपदफा (७) राखिएको छ : -

"(७) समितिले स्वीकृत गरेमा बाहेक उत्पादक वा वितरकले स्वास्थ्य हेरचाह गर्ने निकायलाई खुद्रा मूल्यभन्दा कम मूल्यमा उत्पादन उपलब्ध गराउन वा दान गर्न हुँदैन।"

(३) उपदफा (११) मा रहेका "उत्पादक वा वितरक वा स्वास्थ्य कार्यकर्ताले तोकिएको ढाँचामा अनुरोध गरेमा र त्यस्तो अनुरोधलाई समितिले तोकिएबमोजिम स्वीकृत गरेमा बाहेक" भन्ने शब्दहरूको सट्टा "उत्पादक वा वितरकले" भन्ने शब्दहरू राखिएका छन्।

(४) उपदफा (११) पछि देहायको उपदफा (१२) र (१३) थपिएका छन् :-

"(१२) उत्पादक वा वितरकले आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु वा उत्पादनको अन्तर प्रवर्धन (क्रस प्रोमोशन) गर्नु हुँदैन।"

**<u>स्पष्टीकरण</u>** : यस उपदफाको प्रयोजनको लागि "अन्तर प्रवर्धन (क्रस प्रोमोशन)" भन्नालेले उत्पादक वा वितरकले एउटा उत्पादनको ब्रान्ड, प्याकेजिङ्ग, डिजाइन, लेवल, तस्बिर, विवरण, रङ, चिन्ह वा सन्देशहरू प्रयोग गरी फरक प्रकृति र उद्देश्य भएको अर्को उत्पादनलाई बिक्री-वितरणको उद्देश्यले विद्युतीय वा जुनसुकै माध्यमबाट प्रचार र प्रवर्धन गर्ने कार्य सम्झनु पर्छ।

(१३) वितरकले स्वास्थ्यकर्मीको सिफारिस (प्रेष्क्रिप्सन) बिना आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु वा बालसूत्र बिक्री-वितरण गर्नु हुँदैन।"

८. **<u>मूल ऐनको दफा ११ मा संशोधन</u>** : मूल ऐनको दफा ११ को उपदफा (१०) को खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छ :-

"(क) सम्मिश्रण,"

९. **<u>मूल ऐनमा दफा ११क. थप</u>** : मूल ऐनको दफा ११ पछि देहायको दफा ११क. थपिएको छ :-

"**११क. <u>बिक्री वितरण गर्न नहुने</u>** : प्रचलित कानूनबमोजिम प्रमाणपत्र प्राप्त औषधि बिक्री वितरण गर्ने पसल वा फर्म बाहेक अन्यत्रबाट आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु वा बालसुत्रको बिक्री वितरण गर्न पाइने छैन।"

१०. **<u>मूल ऐनको दफा १३ मा संशोधन</u>** : मूल ऐनको दफा १३ को,-

(१) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छ :-

"(१) उत्पादक, वितरक, स्वास्थ्य हेरचाह गर्ने निकाय, स्वास्थ्य व्यवसायी तथा स्वास्थ्य कार्यकर्ताबाट यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम पालना भए नभएको सम्बन्धमा निरीक्षण गर्ने प्रयोजनको लागि आवश्यक सङ्ख्यामा तोकिए बमोजिमको योग्यता भएका कर्मचारीलाई समितिको सिफारिसमा मन्त्रालयले निरीक्षक तोक्न सक्नेछ।"

(२) उपदफा (१) पछि देहायको उपदफा (१क) थपिएको छ :-

"(१क) दफा ६क. बमोजिमको प्रदेश स्तनपान संरक्षण तथा सम्बर्धन समितिको सिफारिसमा प्रदेश सरकारले र स्थानीय स्तनपान संरक्षण तथा सम्बर्धन समितिको सिफारिसमा स्थानीय तहले उपदफा (१) बमोजिमको योग्यता भएका कर्मचारीलाई निरीक्षक तोक्न सक्नेछन्।

तर प्रदेश सरकार तथा स्थानीय तहले निरीक्षक नतोकेसम्म समितिको सिफारिसमा मन्त्रालयले प्रदेश तथा स्थानीय तहको हकमा समेत उपदफा (१) बमोजिम निरीक्षक तोक्न सक्नेछ।"

(२) उपदफा (२) पछि देहायको उपदफा (३) थपिएको छ :-

"(३) स्तनपान संरक्षण तथा सम्बर्धन समितिले स्तनपानको संरक्षण र प्रवर्धन गर्न तथा सोको प्रभावकारी नियमन गर्न निरीक्षकलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशन पालना गर्नु सम्बन्धित निरीक्षकको कर्तव्य हुनेछ।"

**११. <u>मूल ऐनको दफा १६ मा संशोधन</u>** : मूल ऐनको दफा १६ को सट्टा देहायको दफा १६ राखिएको छ :-

"**१६. <u>कसुर र सजाय</u>** : (१) कसैले देहायको कार्य गरे वा गराएमा यस ऐन बमोजिमको कसुर गरेको मानिनेछ :-

(क) दफा ८ को उपदफा (३), (४), (५) वा (६), दफा ८क., दफा ९ को उपदफा (१), (४), (५), (७), (८), (९), (१०), १३, दफा ११ वा दफा १२ को उपदफा (५) विपरीत कार्य गरेमा,

(ख) दफा ९ को उपदफा (११) विपरीत कार्य गरेमा,

(ग) दफा ९ को उपदफा (१२) वा दफा १० विपरीत कार्य गरेमा,

(घ) दफा ११क. विपरीत कार्य गरेमा,

(ङ) दफा १२ को उपदफा (३) वा (४) विपरीत कार्य गरेमा,

(च) खण्ड (क) देखि (ङ) सम्म लेखिए बाहेक यस ऐन विपरीत हुने कुनै कार्य गरेमा।

(२) उपदफा (१) बमोजिम कसुर मानिने कुनै काम गरे वा गराएमा कसुरको मात्रा हेरी देहाय बमोजिम सजाय हुनेछ :-

(क) खण्ड (क) बमोजिमको कसुर गर्ने वा गराउनेलाई छ महिनासम्म कैद वा पचास हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय,

(ख) खण्ड (ख) बमोजिमको कसुर गरे वा गराएमा एक वर्षसम्म कैद वा बिगो खुलेकोमा बिगोबमोजिम र बिगो नखुलेकोमा एक लाख रुपैयाँसम्म जरिबाना,

(ग) खण्ड (ग) बमोजिमको कसुर गरे वा गराएमा एक वर्षसम्म कैद वा एक लाख रुपैयाँसम्म जरिबाना वा दुवै सजाय,

(घ) खण्ड (घ) बमोजिमको कसुर गरे वा गराएमा पहिलो पटक कसुर गरेको भए पाँच हजार रुपैयाँसम्म जरिवाना र दोस्रो पटकदेखि प्रत्येक पटकका लागि पहिलो पटक भएको जरिवानाको दोब्बर जरिवाना,

(ङ) खण्ड (ङ) बमोजिमको कसुर गरे वा गराएमा पाँच वर्षसम्म कैद वा पचास हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय,

(च) खण्ड (च) बमोजिमको कसुर गरेमा तीन महिनासम्म कैद वा पच्चीस हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय।

(३) यस ऐन विपरीतको कुनै कसुर गरेबापत अदालतले सजाय गर्दा त्यस्तो कसुरबाट क्षति पुगेको व्यक्ति वा निजको हकदारलाई त्यस्तो कसुर गर्ने पक्षबाट देहायका आधारलाई समेत विचार गरी दश लाख रूपैयाँसम्म क्षतिपूर्ति भराइदिन सक्नेछ :-

(क) शारीरिक वा मानसिक कष्ट वा पीडा र त्यसको गाम्भीर्यता,

(ख) दीर्घकालीन असर वा क्षति,

(ग) औषधोपचार तथा यातायात खर्च, र

(घ) उपयुक्त देखिएका अन्य विषय।"

**१२. <u>मूल ऐनको दफा १९ मा संशोधन</u>** : मूल ऐनको दफा १९ को सट्टा देहायको दफा १९ राखिएको छ :-

"**१९. <u>अनुसन्धान अधिकारी</u>** : (१) दफा १६ बमोजिम सजाय हुने मुद्दाको अनुसन्धान र तहकिकात निरीक्षकले गर्नेछ।

(२) कसुरको अनुसन्धान तहकिकातको कार्य सम्पन्न भई मुद्दा दायर गर्नुपर्ने देखिएमा अनुसन्धान अधिकारीले आफ्नो राय सहित मुद्दा चल्ने वा नचल्ने

निर्णयको लागि अनुसन्धानसँग सम्बन्धित सबुद र प्रमाण सहितको मिसिल सम्बन्धित सरकारी वकिल कार्यालयसमक्ष पेस गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको मिसिल प्राप्त भएमा सम्बन्धित सरकारी वकिल कार्यालयले सो विषयमा मुद्दा नचल्ने भए सोही व्यहोरा उल्लेख गरी र मुद्दा चलाउनु पर्ने भए मुद्दा चलाउनु पर्ने व्यक्ति तथा निज उपरको अभियोग, सजाय र अभियोगपत्रमा लिनु पर्ने दाबी समेत उल्लेख गरी मुद्दा दायर गर्न म्याद ननाघ्ने गरी अनुसन्धान अधिकारीसमक्ष मिसिल फिर्ता पठाउनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम सरकारी वकील कार्यालयबाट मुद्दा चल्ने निर्णय भई मिसिल प्राप्त भएपछि अनुसन्धान अधिकारीले नेपाल सरकारको नामबाट जिल्ला अदालतसमक्ष मुद्दा दायर गरी प्रतिरक्षा गर्न सम्बन्धित सरकारी वकील कार्यालयमा पठाउनु पर्नेछ।

**१३. <u>रुपान्तर</u> :** मूल ऐनको ठाउँ ठाउँमा रहेका देहायका शब्दहरूको सट्टा देहायको शब्दहरू राखी रुपान्तर गरिएका छन् :-

(क) "सञ्चय" को सट्टा "भण्डारण",

(ख) "गुण" को सट्टा “गुणस्तर”,

(ग) "केन्द्रीय खाद्य अनुसन्धानशाला" को सट्टा "खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग",

(घ) "शिशि" को सट्टा "दूधदानी",

(ङ) दफा २ को खण्ड (ज) बाहेक ठाउँ ठाउँमा रहेका “स्वास्थ्य कार्यकर्ता” को सट्टा “स्वास्थ्यकर्मी वा स्वास्थ्य कार्यकर्ता”।

## आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु (बिक्री वितरण नियन्त्रण) ऐन, २०४९ लाई संशोधन गर्न बनेको विधेयकको तीन महले

| क्र.सं. | दफा | साविकको प्रावधान | प्रस्तावित प्रावधान | औचित्यता |
|---|---|---|---|---|
| १. | २ (ङ१) | थप गर्नुपर्ने | (ङ१) "स्वास्थ्यकर्मी" भन्नाले प्रचलित कानून बमोजिम स्वास्थ्यकर्मीको रूपमा सम्बन्धित परिषद्मा दर्ता भएको व्यक्ति सम्झनु पर्छ । | ऐनको विभिन्न दफाहरूमा स्वास्थ्यकर्मी शब्दको प्रयोग भएको हुनाले स्वास्थ्यकर्मीलाई परिभाषित गर्न आवश्यक भएको, |
| २. | २(झ) | (झ) "बच्चा" भन्नाले बाह्र महिनासम्मको उमेरको शिशु सम्झनु पर्छ । | (झ) "बच्चा" भन्नाले तीन वर्षसम्मका उमेर समूहका बच्चा सम्झनु पर्छ। | विश्व स्वास्थ्य संगठनले स्तनपानलाई कम्तीमा २ वर्ष र सोभन्दा बढी समयसम्म गराउनुपर्ने सिफारिस गरेकोले १२ महिनाको दायरालाई बढाउनुपर्ने देखिन्छ । साथै विश्व स्वास्थ्य सभा र कोडेक्स एलिमेन्टरियस कमिसनले स्तनपानका साथसाथै पूरक खाना खुवाउनुपर्ने उमेर ३ वर्षसम्मका लागि तोकेको छ । साथै सन् २०१६ को विश्व स्वास्थ्य सम्मेलनमा नेपाललगायत १९४ वटा मुलुकले आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तुको दायरा ३ वर्षसम्मको बच्चालाई लक्षित गरी बिक्री गरिने पदार्थ भनेर पारित गरिसकेको छ । तसर्थः यस ऐनको दायरा १२ महिनाबाट बढाएर ३६ महिना बनाउनुपर्ने आवश्यक भएकाले ।फलोअप |
| ३. | २ (ञ) | (ञ) "बालसूत्र" भन्नाले चार देखि छ महिनासम्मको उमेरका बच्चाहरुको सामान्य पोषण आवश्यकता पूर्ति गर्ने उद्देश्यले तथा त्यस्ता बच्चाहरुको शारीरिक बनौटलाई मिल्ने गरी प्रचलित नेपाली गुणस्तर अनुरुप तयार गरिएको आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु सम्झनु पर्छ । | (ञ) "बालसूत्र" भन्नाले जन्मदेखि तीन वर्षसम्मको उमेरका बच्चाहरुको सामान्य पोषण आवश्यकता पूर्ति गर्ने उद्देश्यले तथा त्यस्ता बच्चाहरुको शारीरिक बनौटलाई मिल्ने गरी प्रचलित नेपाली गुणस्तर अनुरुप तयार गरिएको आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु सम्झनु पर्छ । | |
| ४. | २ (ण) | (ण) "पूरक खाद्य पदार्थ" भन्नाले आमाको दूध वा आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु बच्चाको पोषण आवश्यकता पूरा गर्न अपर्याप्त भएको अवस्थामा पूरकको रुपमा प्रयोग गर्ने | (ण) "पूरक खाद्य पदार्थ" भन्नाले छ महिनाभन्दा माथिका बच्चाको पोषण आवश्यकता पूरा गर्न आमाको दूध वा आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तुको पूरकको रुपमा प्रयोग गरिने उपयुक्त खाद्य पदार्थ | |

| क्र.सं. | दफा | साविकको प्रावधान | प्रस्तावित प्रावधान | औचित्यता |
|---|---|---|---|---|
| | | उपयुक्त खाद्य पदार्थ सम्झनु पर्छ । | सम्झनु पर्छ। | फर्मुला, क्रस प्रोमोशन, योङ चाईल्ड फर्मुलाको हकमा अरू देशमा पनि कानूनी व्यवस्था भएको, नेपाली बजारमा प्रचलनमा ल्याईएको र सो व्यवस्थाहरू नियमन गर्न उल्लेखित व्यवस्था गरिएको छ । |
| ५. | २ (त) | (त) "मन्त्रालय" भन्नाले नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय सम्झनु पर्छ । | (त) “मन्त्रालय” भन्नाले नेपाल सरकारको स्वास्थ्य सम्बन्धी बिषय हेर्ने मन्त्रालय सम्झनु पर्छ । | नेपाल सरकार कार्य विभाजन नियमावली बमोजिम मन्त्रालयको नाम परिवर्तन भएकोले, |
| ६. | ४ (२) | (२) समितिमा देहायका सदस्यहरू रहनेछन्:-<br>(क) सचिव, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय- अध्यक्ष<br>(ख) प्रतिनिधि (रा.प.प्रथम श्रेणी), उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय -सदस्य<br>(ग) .............<br>(घ)....................<br>(ङ) प्रतिनिधि (रा.प.प्रथम श्रेणी), शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय -सदस्य<br>(च) प्रतिनिधि (रा.प.प्रथम श्रेणी), श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय- सदस्य<br>(छ) प्रतिनिधि, नेपाल बाल चिकित्सक संघ- | "(२) उपदफा (१) बमोजिमको समितिमा देहायका सदस्य रहनेछन् :-<br>(क) सचिव, मन्त्रालय - अध्यक्ष<br>(ख) महानिर्देशक,स्वास्थ्य सेवा विभाग - सदस्य<br>(ग) सहसचिव, महिला तथा बालबालिका सम्बन्धी विषय हेर्ने मन्त्रालय - सदस्य<br>(घ)महानिर्देशक, वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग - सदस्य<br>(ङ)महानिर्देशक, खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग - सदस्य | राज्यको संरचनागत, संगठनात्मक र विभिन्न मन्त्रालय तथा विभागको जिम्मेवारी परिवर्तन भएअनुरूप मिलाइएको साथै उल्लेखित समितिलाई पुनरावलोकन हेर्ने लगायतको काम कारवाही समेत दिईएकोले हाल गरि रहेको कामको कानूनी व्यवस्थापन गरिएको । |

| क्र.सं. | दफा | साविकको प्रावधान | प्रस्तावित प्रावधान | औचित्यता |
|---|---|---|---|---|
| | | सदस्य<br>(ज) प्रतिनिधि, नेपाल उद्योग वाणिज्य संघ - सदस्य<br>(झ) आमा तथा बच्चाको स्वास्थ्य क्षेत्रमा कार्यरत प्रतिष्ठित व्यक्तिहरूमध्येबाट समितिद्वारा मनोनित दुईजना व्यक्ति -सदस्य<br>(ञ) नेपाल सरकारद्वारा मनोनित प्रतिष्ठित पोषणविज्ञ -सदस्य<br>(ट) बच्चाहरूको पालनपोषण तथा स्याहारसम्बन्धी अनुभवप्राप्त आमाहरूमध्येबाट नेपाल सरकारद्वारा मनोनित एकजना- सदस्य<br>(ठ) नेपाल सरकारले तोकेको व्यक्ति -सदस्य-सचिव | (च)बालरोग विशेषज्ञमध्येबाट मन्त्रालयले मनोनयन गरेको एकजना<br>- सदस्य<br>(छ) पोषण विज्ञमध्येबाट मन्त्रालयले मनोनयन गरेको एकजना<br>- सदस्य<br>(ज) उपसचिव (कानून), मन्त्रालय<br>- सदस्य<br>(झ) निर्देशक, परिवार कल्याण महाशाखा<br>- सदस्य सचिव" | |
| ७. | ४ (३) | (३) मनोनीत सदस्यहरुको पदावधि दुई वर्षको हुनेछ र समितिले निर्धारण गरे बमोजिम पुनः मनोनीत हुन सक्नेछन् । | (३) मनोनीत सदस्यहरूको पदावधि दुई वर्षको हुनेछ र निजहरूको पुनः एकपटक मनोनयन हुन सक्नेछ। | भाषागत रूपमा पुनर्लेखन गर्दा उपयुक्त हुने भएको हुनाले |

| क्र.सं. | दफा | साविकको प्रावधान | प्रस्तावित प्रावधान | औचित्यता |
|---|---|---|---|---|
| ८. ३ | ४ (४) | (४) समितिले बैठकमा पर्यवेक्षकको रुपमा भाग लिन स्वदेशी वा विदेशी विशेषज्ञलाई आमन्त्रण गर्न सक्नेछ। | (४) उपदफा (२) को खण्ड (च) र (छ) बमोजिम सदस्यको मनोनयन गर्दा आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु उत्पादन वा बिक्री वितरण गर्ने कार्यमा संलग्न व्यक्तिलाई मनोनयन गरिने छैन । | समितिमा आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु उत्पादन वा बिक्री वितरण गर्ने कार्यसँग सम्बन्धित व्यक्तिलाई सदस्य नतोकिने गरी व्यवस्था गर्नु आवश्यक भएको हुनाले, |
| ९. | ४(५) | (५) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी समितिको सदस्यहरूमा थपघट वा हेरफेर गर्न सक्नेछ । | (५) समितिको बैठकमा आवश्यकताअनुसार नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तहका प्रतिनिधि वा विज्ञ तथा उपभोक्ता हित संरक्षणको क्षेत्रमा आवद्ध व्यक्तिलाई आमन्त्रण गर्न सकिनेछ। | समितिका सदस्य हेरफेर गर्न सक्ने अधिकार प्रत्यायोजन नगर्ने गरी प्रतिनिधि एवं व्यक्तिलाई आमन्त्रण गर्ने व्यवस्था गर्नको गरी प्रतिनिधित्व गराउनको लागि, |
| १०. | ६(ग) | (ग) अनुदानको रुपमा कुनै उत्पादन प्राप्त गर्ने सम्बन्धी अनुरोध उपर विचार गर्ने र तोकिए बमोजिम त्यस्तो अनुरोध स्वीकृत वा अस्वीकृत गर्ने, | (ग) प्रदेश र स्थानीय स्तनपान संरक्षण तथा सम्बर्द्धन समितिसँग आवश्यक समन्वय गर्ने, | अनुदान सम्बन्धी विषयलाई नियन्त्रण गर्नुपर्ने साथै संघीय संरचना अनुसार प्रदेश तथा स्थानीय स्तनपान समितिसँग समन्वय गर्ने व्यवस्था गर्न, |
| ११. | ६(घ) | (घ) उत्पादक वा वितरकबाट अनुसन्धान, छात्रवृत्ति, व्यावसायीक गोष्ठी वा सम्मेलनमा भाग लिन वा त्यस्तो गोष्ठी वा सम्मेलन गर्नको लागि सहायता लिने स्वास्थ्य कार्यकर्ताहरुको अनुरोध उपर विचार गर्ने र तोकिए बमोजिम त्यस्तो अनुरोध स्वीकृत वा अस्वीकृत गर्ने, | झिक्नुपर्ने | उत्पादक तथा वितरणबाट हुने छात्रवृत्ति, गोष्ठी सम्मेलन नियन्त्रण गर्नको लागि प्रस्तुत विषय हटाउन उपयुक्त हुने भएकोले, |

| क्र.सं. | दफा | साविकको प्रावधान | प्रस्तावित प्रावधान | औचित्यता |
|---|---|---|---|---|
| १२. | ६क. | थप गर्नुपर्ने | ६क. प्रदेश र स्थानीय स्तनपान संरक्षण तथा सम्बर्द्धन समिति : (१) स्तनपान संरक्षण तथा सम्बर्द्धन गर्ने सम्बन्धमा प्रदेशमा प्रदेश स्तनपान संरक्षण तथा सम्बर्द्धन समिति र स्थानीय तहमा स्थानीय स्तनपान संरक्षण तथा सम्बर्द्धन समिति रहनेछन्।<br>(२) उपदफा (१) बमोजिमका समितिको गठन, काम, कर्तव्य र अधिकार सम्बन्धित प्रदेश तथा स्थानीय तहले निर्धारण गरे बमोजिम हुनेछ। | संघीय संरचना अनुसार प्रदेश तथा स्थानीय तहमा स्तनपान संरक्षण समितिको व्यवस्था गर्न आवश्यक भएको, |
| १३. | दफा ८क. | थप गर्नुपर्ने | ८क. आमाको दुधलाई प्रतिस्थापन गर्ने वस्तु वा बालसूत्रको प्रयोग : (१) स्वास्थ्यकर्मीले आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु वा बालसूत्र बच्चालाई खुवाउन वा प्रयोग गर्न सिफारिस गर्नु हुँदैन।<br>(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि स्वास्थ्यकर्मीले देहायको अवस्था भई वैकल्पिक स्तनपान सम्भव नभएमा आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु वा बालसूत्रको प्रयोग गर्न सिफारिस गर्न सक्नेछन् :-<br>(क) स्तनपान गराउँदा बच्चामा सङ्क्रमणको जोखिम रहने अवस्था भएमा, | साविकको व्यवस्था स्तनपान सम्वर्द्धनको सिद्धान्त प्रतिकुल स्वास्थ्यकर्मीले उत्पादनको विज्ञापन गर्न पाउने गरी भएको व्यवस्थालाई संशोधन गरी चिकित्सकले मात्रै उत्पादनलाई सिफारिस गर्न पाउने व्यवस्था गर्न, |

| क्र.सं. | दफा | साविकको प्रावधान | प्रस्तावित प्रावधान | औचित्यता |
|---|---|---|---|---|
| | | | (ख) आमा गम्भीर रूपमा बिरामी भई होसमा नरहेको वा स्तनपान गराउन असमर्थ रहेको भएमा,<br>(ग) आमाको दूध नआएमा वा दूधको मात्रा कम भई बच्चामा पोषण पूरा नहुने अवस्थामा,<br>(घ) आमाले स्तनपान प्रतिकूल हुने कुनै औषधि सेवन गरिरहेकोमा,<br>(ङ) बच्चामा कुनै गम्भीर स्वास्थ्य समस्या भई स्तनपान गर्न नसक्ने भएमा, वा<br>(च) आमा र बच्चा लामो समयसम्म अलग रहनुपर्ने भएमा। | |
| १४. | ८ख. | थप गर्नुपर्ने | **८ख. <u>सेवा सञ्चालन गर्नसक्ने</u>** : (१) नेपाल सरकारले आमाको दूधको सङ्कलन तथा व्यवस्थापन गर्न स्तनपान व्यवस्थापन केन्द्र वा त्यस्तै प्रकृतिका सेवा सञ्चालन गर्न सक्नेछ।<br>(२) उपदफा (१) बमोजिमका सेवा सञ्चालन गर्न मन्त्रालयले आवश्यक मापदण्ड बनाउन सक्नेछ।<br>(३) उपदफा (२) बमोजिमको मापदण्डको अधीनमा रही प्रदेश सरकार, स्थानीय तह तथा | स्तनपान संरक्षण सम्बन्धी व्यवस्थापन केन्द्रहरू सञ्चालन सम्बन्धि कानूनी व्यवस्था गर्नुपर्ने भएकोले |

| क्र.सं. | दफा | साविकको प्रावधान | प्रस्तावित प्रावधान | औचित्यता |
|---|---|---|---|---|
| | | | अन्य स्वास्थ्य हेरचाह गर्ने निकायले स्तनपान व्यवस्थापन केन्द्र वा त्यस्तै प्रकृतिका सेवा सञ्चालन गर्न सक्नेछन्। | |
| १५. | ९(३) | (३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि स्वास्थ्य व्यवसायीहरुकहाँ मात्र पुग्ने प्रकाशनहरुमा उत्पादनको विज्ञापन गर्न सकिनेछ । | झिक्नुपर्ने | विज्ञापन जन्य क्रियाकलाप गर्न नपाउने गरी व्यवस्थापन गर्न उपयुक्त भएको हुनाले, |
| १६. | ९ (७) | (७) उत्पादक वा वितरकले स्वास्थ्य हेरचाह गर्ने निकाय वा अन्य कुनै संस्था वा सँगठनले तोकिएको ढाँचामा अनुदान मागेमा र त्यस्तो मागलाई तोकिए बमोजिम समितिले स्वीकृत गरेमा बाहेक स्वास्थ्य हेरचाह गर्ने निकाय वा अन्य कुनै संस्था वा सँगठनलाई खुद्रा मूल्य भन्दा कम मूल्यमा उत्पादन उपलब्ध गराउन वा दान गर्न हुँदैन । | (७) समितिले स्वीकृत गरेमा बाहेक उत्पादक वा वितरकले स्वास्थ्य हेरचाह गर्ने निकायलाई खुद्रा मूल्यभन्दा कम मूल्यमा उत्पादन उपलब्ध गराउन वा दान गर्न हुँदैन । | विभिन्न माध्यमहरूको प्रयोग गरी आमाको दूधलाई निरुत्साहित गर्ने आशयमा विज्ञापन गर्ने कार्यलाई ऐनको दायरामा ल्याउन आवश्यक भएकोले, |

| क्र.सं. | दफा | साविकको प्रावधान | प्रस्तावित प्रावधान | औचित्यता |
|---|---|---|---|---|
| **१७.** | ९(११) | (११) उत्पादक वा वितरक **वा स्वास्थ्य कार्यकर्ताले तोकिएको ढाँचामा अनुरोध गरेमा र त्यस्तो अनुरोधलाई समितिले तोकिए बमोजिम स्वीकृत गरेमा बाहेक** स्वास्थ्यकार्यकर्तालाई छात्रवृत्ति वा अनुसन्धान अनुदान दिन वा व्यावसायिक गोष्ठी वा सम्मेलन आयोजना गर्न वा सम्मेलनमा स्वास्थ्य कार्यकर्ताले भाग लिन चाहिने रकम दिन हुँदैन । | (११) उत्पादक वा वितरकले स्वास्थ्यकार्यकर्तालाई छात्रवृत्ति वा अनुसन्धान अनुदान दिन वा व्यावसायिक गोष्ठी वा सम्मेलन आयोजना गर्न वा सम्मेलनमा स्वास्थ्य कार्यकर्ताले भाग लिन चाहिने रकम दिन हुँदैन । | उत्पादक वा वितरकले स्वास्थ्यकार्यकर्तालाई छात्रवृत्ति वा अनुसन्धान अनुदान दिने वा व्यावसायिक गोष्ठी वा सम्मेलन आयोजना गरी प्रभाव पार्ने पार्ने भएको हुनाले उक्त विषयलाई नियमित गर्नको लागि, |
| **१८.** | ९(१२) र (१३) | थप गर्नुपर्ने | "(१२) उत्पादक वा वितरकले आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु वा उत्पादनको अन्तर प्रवर्धन (क्रस प्रोमोशन) गर्नु हुँदैन।"<br><br>स्पष्टीकरण : यस उपदफाको प्रयोजनको लागि "अन्तर प्रवर्धन (क्रस प्रोमोशन)" भन्नालेले उत्पादक वा वितरकले एउटा उत्पादनको ब्रान्ड, प्याकेजिङ्ग, डिजाइन, लेवल, तस्बिर, विवरण, रङ, चिन्ह वा सन्देशहरू प्रयोग गरी फरक प्रकृति र उद्देश्य भएको अर्को उत्पादनलाई बिक्री-वितरणको उद्देश्यले विद्युतीय वा जुनसुकै माध्यमबाट प्रचार र प्रवर्धन गर्ने कार्य सम्झनु पर्छ। | स्वास्थ्य कर्मीको सिफारिस बिना आमाको दुधलाई प्रतिस्थापन गर्ने वस्तु वा बालसूत्र बिक्री वितरण नगर्ने गराउन गरी व्यवस्था गर्नुपर्ने साथै क्रस प्रमोसनलाई समेत नियमित गर्नुपर्ने भएकोले, |

| क्र.सं. | दफा | साविकको प्रावधान | प्रस्तावित प्रावधान | औचित्यता |
|---|---|---|---|---|
| | | | (१३) वितरकले स्वास्थ्यकर्मीको सिफारिस (प्रेष्क्रिप्सन) बिना आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु वा बालसूत्र बिक्री-वितरण गर्नु हुँदैन। | |
| १९. | ११ को उपदफा (१०) को खण्ड (क) | (क) साधकहरु, | (क) सम्मिश्रण, | साधकको शब्दको सट्टा सम्मिश्रण शब्द उपयुक्त भएको हुनाले, |
| २०. | ११क. | थप गर्नुपर्ने | ११क. बिक्री वितरण : प्रचलित कानूनबमोजिम प्रमाणपत्र प्राप्त औषधि बिक्री वितरण गर्ने पसल वा फर्म बाहेक अन्यत्रबाट आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु वा बालसुत्रको बिक्री वितरण गर्न पाइने छैन। | अनुमति बिना आमाको दुध प्रतिस्थापन गर्ने वस्तु बिक्री वितरण गर्न रोक लगाउन पर्ने भएकोले, |
| २१. | १३ (१) | (१) उत्पादक, वितरक, स्वास्थ्य हेरचाह गर्ने निकाय तथा स्वास्थ्य कार्यकर्ताहरुबाट यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियम पालन भए नभएको सम्बन्धमा निरीक्षण तथा जाँचबुझ गरी आवश्यक कारबाही गर्ने प्रयोजनको लागि समितिको सिफारिशमा मन्त्रालयले आवश्यक | (१) उत्पादक, वितरक, स्वास्थ्य हेरचाह गर्ने निकाय, स्वास्थ्य व्यवसायी तथा स्वास्थ्य कार्यकर्ताबाट यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम पालना भए नभएको सम्बन्धमा निरीक्षण गर्ने प्रयोजनको लागि आवश्यक सङ्ख्यामा तोकिए बमोजिमको योग्यता भएका कर्मचारीलाई | निरीक्षकको व्यवस्था प्रदेश तथा स्थानीय तहको हकमा समेत नियुक्त हुने सक्ने व्यवस्थालाई समेत थप गर्न आवश्यक भएको हुनाले, |

| क्र.सं. | दफा | साविकको प्रावधान | प्रस्तावित प्रावधान | औचित्यता |
|---|---|---|---|---|
| | | संख्यामा निरीक्षकहरु नियुक्त गर्न वा नेपाल सरकारको सम्बन्धित निकायको स्वीकृति लिई कर्मचारीहरुलाई निरीक्षक भई काम गर्न तोक्न सक्नेछ । | समितिको सिफारिसमा मन्त्रालयले निरीक्षक तोक्न सक्नेछ। | |
| २२. | १३(१क) | (१क) थप गर्नुपर्ने | (१क) दफा ६क. बमोजिमको प्रदेश स्तनपान संरक्षण तथा सम्बर्धन समितिको सिफारिसमा प्रदेश सरकारले र स्थानीय स्तनपान संरक्षण तथा सम्बर्धन समितिको सिफारिसमा स्थानीय तहले उपदफा (१) बमोजिमको योग्यता भएका कर्मचारीलाई निरीक्षक तोक्न सक्नेछन्।<br>तर प्रदेश सरकार तथा स्थानीय तहले निरीक्षक नतोकेसम्म समितिको सिफारिसमा मन्त्रालयले प्रदेश तथा स्थानीय तहको हकमा समेत उपदफा (१) बमोजिम निरीक्षक तोक्न सक्नेछ। | |

| क्र.सं. | दफा | साविकको प्रावधान | प्रस्तावित प्रावधान | औचित्यता |
|---|---|---|---|---|
| २३. | १३(३) | थप गर्नुपर्ने | (३) स्तनपान संरक्षण तथा सम्बर्धन समितिले स्तनपानको संरक्षण र प्रवर्धन गर्न तथा सोको प्रभावकारी नियमन गर्न निरीक्षकलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशन पालना गर्नु सम्बन्धित निरीक्षकको कर्तव्य हुनेछ। | |
| २४. | १६ | १६. कसूर र सजाय : (१) दफा ८ को उपदफा (४), (५) वा (६) उल्लंघन गर्ने स्वास्थ्य कार्यकर्तालाई एक हजार रूपैयाँसम्म जरिवाना वा एक महिनासम्म कैद वा दुवै सजाय हुने छ ।<br>(२) दफा ९ को उपदफा (१), (४), (५), (७), (८), (९), (१०) वा (११) उल्लंघन गर्ने उत्पादक वा वितरकलाई दश हजार रूपैयाँसम्म जरिवाना वा तीन महिनासम्म कैद वा दुवै सजाय हुने छ।<br>(३) दफा १० वा ११ उल्लंघन गर्ने उत्पादक वा वितरकलाई पन्ध्र हजार रूपैयाँसम्म जरिवाना वा चार महिनासम्म कैद वा दुवै सजाय हुनेछ ।<br>(४) उपदफा (१), (२) वा (३) मा | १६. कसुर र सजाय : (१) कसैले देहायको कार्य गरे वा गराएमा यस ऐन बमोजिमको कसुर गरेको मानिनेछ :-<br>(क) दफा ८ को उपदफा (३), (४), (५) वा (६), दफा ८क., दफा ९ को उपदफा (१), (४), (५), (७), (८), (९), (१०), १३, दफा ११ वा दफा १२ को उपदफा (५) विपरीत कार्य गरेमा,<br>(ख) दफा ९ को उपदफा (११) विपरीत कार्य गरेमा,<br>(ग) दफा ९ को उपदफा (१२) वा दफा १० विपरीत कार्य गरेमा,<br>(घ) दफा ११क. विपरीत कार्य गरेमा,<br>(ङ) दफा १२ को उपदफा (३) वा (४) विपरीत | कसूर तथा सजाय सम्बन्धी व्यवस्थाहरूलाई थप विस्तृतिकरण गर्न आवश्यक भएको हुनाले, |

| क्र.सं. | दफा | साविकको प्रावधान | प्रस्तावित प्रावधान | औचित्यता |
| --- | --- | --- | --- | --- |
| | | लेखिएदेखि बाहेक यो ऐनका अन्य प्रावधानहरू वा यस ऐनअन्तर्गत बनेको नियम उल्लंघन गर्ने व्यक्तिलाई कसुरको प्रकृति हेरी दुई हजार रूपैयाँसम्म जरिवाना वा एक महिनासम्म कैद वा दुवै सजाय हुनेछ ।<br><br>(५) अदालतले यस दफाबमोजिम कुनै व्यक्तिलाई कुनै कसुर गरेबापत सजाय गर्दा त्यस्तो कसुरबाट क्षति पुगेको व्यक्ति वा निजको हकदारलाई त्यस्तो कसुर गर्ने व्यक्तिबाट पच्चीस हजार रूपैयाँदेखि एक लाख रूपैयाँसम्म क्षतिपूर्तिसमेत भराई दिन सक्नेछ | कार्य गरेमा,<br><br>(च) खण्ड (क) देखि (ङ) सम्म लेखिए बाहेक यस ऐन विपरीत हुने कुनै कार्य गरेमा।<br><br>(२) उपदफा (१) बमोजिम कसुर मानिने कुनै काम गरे वा गराएमा कसुरको मात्रा हेरी देहाय बमोजिम सजाय हुनेछ :-<br><br>(क) खण्ड (क) बमोजिमको कसुर गर्ने वा गराउनेलाई छ महिनासम्म कैद वा पचास हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय,<br><br>(ख) खण्ड (ख) बमोजिमको कसुर गरे वा गराएमा एक वर्षसम्म कैद वा बिगो खुलेकोमा बिगोबमोजिम र बिगो नखुलेकोमा एक लाख रुपैयाँसम्म जरिबाना,<br><br>(ग) खण्ड (ग) बमोजिमको कसुर गरे वा गराएमा एक वर्षसम्म कैद वा एक लाख रुपैयाँसम्म जरिबाना वा दुवै सजाय,<br><br>(घ) खण्ड (घ) बमोजिमको कसुर गरे वा गराएमा पहिलो पटक कसुर गरेको भए पाँच हजार रुपैयाँसम्म जरिवाना र दोस्रो पटकदेखि प्रत्येक पटकका लागि | |

| क्र.सं. | दफा | साविकको प्रावधान | प्रस्तावित प्रावधान | औचित्यता |
|---|---|---|---|---|
| | | | पहिलो पटक भएको जरिवानाको दोब्बर जरिवाना,<br><br>(ङ) खण्ड (ङ) बमोजिमको कसुर गरे वा गराएमा पाँच वर्षसम्म कैद वा पचास हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय,<br><br>(च) खण्ड (च) बमोजिमको कसुर गरेमा तीन महिनासम्म कैद वा पच्चीस हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय।<br><br>(३) यस ऐन विपरीतको कुनै कसुर गरेबापत अदालतले सजाय गर्दा त्यस्तो कसुरबाट क्षति पुगेको व्यक्ति वा निजको हकदारलाई त्यस्तो कसुर गर्ने पक्षबाट देहायका आधारलाई समेत विचार गरी दश लाख रूपैयाँसम्म क्षतिपूर्ति भराइदिन सक्नेछ :-<br><br>(क) शारीरिक वा मानसिक कष्ट वा पीडा र त्यसको गाम्भीर्यता,<br><br>(ख) दीर्घकालीन असर वा क्षति,<br><br>(ग) औषधोपचार तथा यातायात खर्च, र<br><br>(घ) उपयुक्त देखिएका अन्य विषय। | |

| क्र.सं. | दफा | साविकको प्रावधान | प्रस्तावित प्रावधान | औचित्यता |
| --- | --- | --- | --- | --- |
| **२५.** | १९ | १९. मुद्दाको तहकिकात र दायरी (१) यस ऐन वमोजिम सजाय हुने कसूर सम्वन्धी मुद्दाको तहकिकात निरीक्षकले गर्नेछ र त्यस्तो तहकिकात र त्यस्तो तहकिकातको काम पूरा भएपछि जिल्ला अदालतमा मुद्दा दायर गर्नेछ ।<br><br>(२) उपदफा (१) बमोजिम मुद्दा तहकिकात र दायर गर्दा निरीक्षकले सरकारी वकीलको राय लिन सक्नेछ । मुद्दा दायर भएपछि मुद्दाको बहस पैरवी सरकारी वकीलले गर्नेछ । | १९. अनुसन्धान अधिकारी : (१) दफा १६ बमोजिम सजाय हुने मुद्दाको अनुसन्धान र तहकिकात निरीक्षकले गर्नेछ।<br><br>(२) कसुरको अनुसन्धान तहकिकातको कार्य सम्पन्न भई मुद्दा दायर गर्नुपर्ने देखिएमा अनुसन्धान अधिकारीले आफ्नो राय सहित मुद्दा चल्ने वा नचल्ने निर्णयको लागि अनुसन्धानसँग सम्बन्धित सबुद र प्रमाण सहितको मिसिल सम्बन्धित सरकारी वकिल कार्यालयसमक्ष पेस गर्नु पर्नेछ।<br><br>(३) उपदफा (२) बमोजिमको मिसिल प्राप्त भएमा सम्बन्धित सरकारी वकिल कार्यालयले सो विषयमा मुद्दा नचल्ने भए सोही व्यहोरा उल्लेख गरी र मुद्दा चलाउनु पर्ने भए मुद्दा चलाउनु पर्ने व्यक्ति तथा निज उपरको अभियोग, सजाय र अभियोगपत्रमा लिनु पर्ने दाबी समेत उल्लेख गरी मुद्दा दायर गर्न म्याद ननाघ्ने गरी अनुसन्धान अधिकारीसमक्ष मिसिल फिर्ता पठाउनु पर्नेछ।<br><br>(४) उपदफा (३) बमोजिम सरकारी वकील कार्यालयबाट मुद्दा चल्ने निर्णय भई मिसिल प्राप्त | मुद्दाको अनुसन्धान सम्बन्धमा विस्तृत व्यवस्था गर्न उपयुक्त भएको हुनाले, |

| क्र.सं. | दफा | साविकको प्रावधान | प्रस्तावित प्रावधान | औचित्यता |
|---|---|---|---|---|
| | | | भएपछि अनुसन्धान अधिकारीले नेपाल सरकारको नामबाट जिल्ला अदालतसमक्ष मुद्दा दायर गरी प्रतिरक्षा गर्न सम्बन्धित सरकारी वकील कार्यालयमा पठाउनु पर्नेछ। | |
| २६. | | रुपान्तरण गर्नुपर्ने | रुपान्तरण : मूल ऐनको ठाउँ ठाउँमा रहेका देहायका शब्दहरुको सट्टा देहायको शब्दहरु राखी रुपान्तर गरिएका छन् :-<br>(क) "सञ्चय" को सट्टा "भण्डारण",<br>(ख) "गुण" को सट्टा “गुणस्तर” ,<br>(ग) "केन्द्रीय खाद्य अनुसन्धानशाला" को सट्टा "खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग",<br>(घ) "शिशि" को सट्टा "दूधदानी",<br>(ङ) दफा २ को खण्ड (ज) बाहेक ठाउँ ठाउँमा रहेका “स्वास्थ्य कार्यकर्ता” को सट्टा “स्वास्थ्यकर्मी वा स्वास्थ्य कार्यकर्ता | ऐनको विभिन्न स्थानहरूमा रहेका शब्दहरूको रुपान्तर गर्न आवश्यक भएको हुनाले |

## आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु (बिक्री वितरण नियन्त्रण) ऐन, २०४९ लाई संशोधन गर्न बनेको विधेयकको व्याख्यात्मक टिप्पणी

| क्र.स. | विधेयकको दफा | व्याख्यात्मक टिप्पणी |
|---|---|---|
| १. | २ | स्वास्थ्यकर्मीको परिभाषा गर्नको साथै बच्चाको उमेर तथा पुरक खाद्य पदार्थको परिभाषित गर्न आवश्यक भएको हुनाले। |
| २. | ३ | समितिका पदाधिकारीहरू नेपाल सरकार कार्यविभाजन नियमावली, २०८३ अनुसार संशोधन गर्नुपर्ने। |
| ३. | ४ | समितिको काम, कर्तव्य र अधिकारमा संघीय संरचना अनुसारको कार्य थप गरिएको गर्ने गरी प्रस्ताव गरिएको। |
| ४. | ५ | संघीय संरचना अनुसार प्रदेश र स्थानीय स्थानपान संरक्षण तथा प्रवर्धन समितिको व्यवस्था थप गर्न आवश्यक भएको हुनाले। |
| ५. | ६ | आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु वा बालसूत्रको प्रयोग सिफारिस गर्न नहुने साथै सिफारिस गर्न सक्ने अवस्थाहरू व्यवस्था गर्ने गरि प्रस्ताव गरिएको। |
| ६. | ७ | समितिले स्वीकृत गरेमा बाहेक उत्पादक वा वितरकले स्वास्थ्य हेरचाह गर्ने निकायलाई खुद्रा मूल्यभन्दा कम मूल्यमा उत्पादन उपलब्ध गराउन वा दान दिने विषयलाई नियन्त्रण गर्न, साथै आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु वा उत्पादमनको अन्तर प्रवर्धन (क्रस प्रमोशन) नगर्ने गरी प्रस्ताव गरिएको। |
| ७. | ८ | साधक भन्ने शब्दको सट्टा सम्मिश्रण शब्दराखे शब्द राख्दा अर्थ स्पष्ट आउने भएको प्रस्ताव गरिएको। |
| ८. | ९ | आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तुलाई चिकित्सकको सिफारिसमा प्रमाणपत्र प्राप्त पसल वा फर्म बाहेक अन्य स्थानबाट बिक्री वितरण नियन्त्रण गर्ने गरी प्रस्ताव गरिएको। |
| ९. | १० | निरीक्षकको व्यवस्था गरी आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तुको विक्री वितरणलाई नियमन गर्न नियामकीय अधिकार दिने साथै प्रदेश तथा स्थानीय तहसम्म निरीक्षक रहेने गरी कानूनी व्यवस्था प्रस्ताव गरिएको। |
| १०. | ११ | कसूर र सजायलाई समसामयिक रूपमा परिवर्तन एवं परिमार्जन गर्नुपर्ने भएको हुनाले। |
| ११. | १२ | प्रस्तुत ऐन बमोजिको कसूरको अनुसन्धान अधिकारी र अनुसन्धान प्रक्रिया प्रष्ट गर्ने प्रस्ताव गरिएको |
| १२. | १३ | साविकका सञ्चय, गुण, केन्द्रीय खाद्य अनुन्धानशाला, शिशि र स्वास्थ्य कार्यकर्ता जस्ता शब्दहरूको रूपान्तर गर्ने गरी प्रस्ताव गरिएको। |